# ताप्ली गाउँपालिका

जिल्ला-उदयपुर,१नं.प्रदेश ,नेपाल

## स्थानीय राजपत्र

ताप्ली गाउँपालिकाबाट प्रकाशित

भागः१,वर्षः३ अंकः ०१ असार

गाउँ सभाबाट मिति २०७७/११/२८ मा स्वीकृत भएको ताप्ली गाउँपालिकाको शिक्षा ऐन (पहिलो संशोधन) २०७७, स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) बमोजिम स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४,अनुसार सार्वजनिकको लागि देहाय बमोजिम प्रकाशन गरीएको छ ।

# संवत् २०७७ सालको ऐन नं.०१

# ताप्ली गाउँपालिकाको शिक्षा ऐन,२०७७

नेपालको संबिधान २०७२ को धारा २२१ र २२६ अनुसार अनुसूची-८ को सूची नं. ८ तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ (ज) अनुसार स्थानीय तहबाट आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन ।

प्रस्तावना

नागरीकहरुमा सदाचार, सिष्टाचार र नैतिकता कायम गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल जनशक्ति तयार गर्न ताप्ली गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई संचालनमा रहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापनमा जोड दिदैं शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न वाञ्छनीय भएकाले, ताप्ली गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**१ संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "ताप्ली गाउँपालिकाको शिक्षा ऐन,२०७७" रहेको छ ।

(२) यो ऐन ताप्ली गाउँपालिका भरी लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२ परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क)  "प्रारम्भिक बाल विकास शिक्षा "भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिका लाई एक वर्षमा दिइने शिक्षा सम्झनुपर्छ ।

(ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल विकास शिक्षा देखि (०-३),(०-५) र (०-८) कक्षा सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) "बिशेष शिक्षा" भन्नाले दृष्टिबिहीन,बहिरा,अटिज्म,बौद्धिक अपाङ्गता,सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(च) "सभा" भन्नाले ताप्ली गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(छ) "गाउँ शिक्षक" भन्नाले ताप्ली शिक्षा विकास कोषबाट तलब भत्ता खानेगरी गाउँपालिकाले नियुक्त गरेका अस्थायी शिक्षक सम्झनुपर्छ ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमती वा स्वीकृती प्राप्त विद्यालय सम्झनुपर्छ ।

(झ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमती वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

(झ१) "आधारभूत विद्यालय" भन्नाले प्राम्भिक बाल विकास शिक्षा देखि कक्षा आठसम्म शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(ञ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययन गर्ने छात्र तथा छात्रा हरूको एकाघरको बाबु, अमा, बाजे, बजै ,दाजु, अविवाहित दिदी तथा एकाघरको नजिकको कुनै नाता पर्ने व्यक्ति नभएमा निजलाई पालन पोषण  तथा संरक्षण गर्ने व्यक्तिलाई समेत सम्झनुपर्छ ।

(ट) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ठ) "विद्यालय" भन्नाले सामुदायिक र संस्थागत विद्यालय सम्झनुपर्छ ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउछ ।

(ढ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(ण) "तोकिएको वा तोकिए बमोजिम " भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(त) "शैक्षिक गुठी" भन्नाले विद्यालयसंचालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि गुठी सम्झनुपर्छ ।

(थ)"आधारभूत शिक्षा उतिर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परिक्षा सम्झनुपर्छ ।

(द) "अनुमती" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृत र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतीलाई जनाउछ ।

(ध) "स्वीकृती" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिइएको स्थायी स्वीकृतीलाई जनाउछ ।

(न) "स्थायी आवासीय अनुमती" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी बसोवास गर्न पाउने गरी नेपाली नागरीकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डी.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरीकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतीलाई समेत जनाउछ ।

(प) "आयोग" भन्नाले शिक्षा सेवा आयोग सम्झनुपर्छ ।

(फ) "समावेशी शिक्षा"भन्नाले देहायको शिक्षा सम्झनुपर्छ ।

(१)दृष्टिविहीन, न्यूनदृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,

(२) सामाजिक,आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा।

## ३. विद्यालय खोल्न अनुमती लिनुपर्ने

(१) कुनै नेपाली नागरीकले सामुदायिक,शैक्षिक गुठी र सहकारी विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई तोकिएको अधिकारी समक्ष अनुमतीको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमती दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमती दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमती लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालन गरेको देखिएमा गाउँपालिका वा तोकिएको अधिकारीले स्वीकृती प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाको बखत कम्पनीको रुपमा संचालनमा रहेका विद्यालयले चाहेमा कम्पनि खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय संचालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय संचालन गर्न स्वीकृती दिनेछ ।

(६) उपदफा(२),(३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा संचालन गर्न पाउने गरी अनुमती वा स्वीकृती दिइने छैनः

(क) सरकारी वा सार्वजनिक भवनमा संचालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई संचालन भएका विद्यालय

(ग) कुनै व्यक्ति वा सस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकामा सो भवन वा त्यस्तो जग्गामा भवन बनाई संचालन भएको विद्यालय ।

(७) पुर्व प्राथमिक विद्यालय,मन्टेश्वरी, भाषा कक्षा, कोचिंग जस्ता शैक्षिक संस्थाको संचालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नुपर्नेछः

क. शैक्षिक गुठी संचालन गर्ने गुठी संचालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनुपर्नेछ,

ख.शैक्षिक गुठी संचालन गर्दा संचालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तिमा पाँच जना र निजि गुठी भए कम्तिमा तीन जना सदस्य हुनुपर्नेछ,

ग. शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यताप्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

घ. शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका संचालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछी गुठीयारको रुपमा कम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा मन्त्रालयको स्वीकृती लिनुपर्नेछ ।

(९) कुनै सामाजिक,परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय संचालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृती लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय संचालन गर्न सक्नेछ ।

(१०)उपदफा(९) बमोजिम संचालित विद्यालयले अध्यापन गराउनुपर्ने विषय,पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(११) दफा ३ को उपदफा (१),(२) र(३) मा जुनसुकै कुरा लेखिएको भएको तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमती वा स्वीकृती दिइने छैन ।

तर विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनैतिक नियोगबाट सिफारिस भएमा मन्त्रालयले शर्त तोकी गाउँपालिका भित्र विद्यालय खोल्न अनुमती वा स्वीकृती दिन सक्नेछ । त्यसरी विद्यालय खोल्नको लागि गाउँपालिकाको पुर्व स्वीकृती लिई मन्त्रालय समक्ष सिधै निवेदन दिन सकिनेछ ।

(१२) उपदफा(११) बमोजिम अनुमती वा स्वीकृती प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय संचालन नगरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

(१३) उपदफा(११) बमोजिम अनुमती वा स्वीकृती प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागु हुने छैन ।

**४.विद्यालयको संचालन**

विद्यालयको संचालन तोकिए बमोजिम हुनेछ ।

**५. शिक्षाको माध्यम**

(१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा,अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन् सक्नेछ ।

(क) आधारभूत शिक्षा(०-३),(०-५) मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरीकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

**६. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक**

(१) विद्यालयले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्छ।

(२) गाउँपालिका आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुर्याएको मानिने छैन ।

**७.गाँउ शिक्षा समिति**

(१) ताप्ली गाउँपालिका भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतका लागि देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाँउपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ङ) गाउँपालिका अध्यक्षले मनोनित गरेको गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तिमा एक महिला सहित दुईजना सदस्य - सदस्य

(च) गाउँपालिका अध्यक्षले मनोनित गरेको दलित

आदिवासी जनजाती,मधेशी,मुस्लिम,पिछडावर्ग र फरक क्षमता

भएका व्यक्तिहरू मध्ये कम्तिमा एक जना महिला पर्ने गरी

दुई जना -सदस्य

(छ) सामुदायिक विद्यालयका प्रधानाध्यापक वा स्थायी शिक्षकहरू मध्येबाट तहगत रुपमा प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले तोकेको एकजना महिला सहित दुई जना -सदस्य

(ज) गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन समितिका

अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका १ जना-सदस्य

(झ) वडा शिक्षा समितिका संयोजक मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(झ१) शिक्षा अधिकृत -सदस्य सचिव

(२) गाउँ शिक्षा समितिको बैठक कम्तिमा एक महिनाको एक पटक बस्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिको बैठक भत्ता गाउँपालिकाको कानुन बमोजिम हुनेछ ।

(४) बैठक संचालनको लागि कम्तिमा ५० प्रतिशत भन्दा बढि सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(५) गाउँ शिक्षा समितिले शिक्षकका पेशागत संघ संगठनका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) गाउँ शिक्षा समितिका मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(७) गाउँ शिक्षा समितिको गठन तथा काम,कर्तव्यर अधिकार तोकिए बमोजिम हुनेछ ।

**८.वडा शिक्षा समिति**

(१) गाउँपालिका भित्रका वडाका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्न प्रत्येक वडामा वडाध्यक्षको अध्यक्षतामा तोकिए बमोजिम सदस्य रहने गरी एक वडा शिक्षा समिति रहनेछ ।

(२) वडा शिक्षा समितिको गठन तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**९. परीक्षा संचालन तथा समन्वय समिति**

(१) गाउँपालिकाका विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयका लागि तोकीए बमोजिमको परीक्षा संचालन र समन्वय समिति रहनेछ ।

(२) परीक्षा संचालन र समन्वय समितिको गठन र काम,कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) आधारभूत तहको अन्त्यमा संचालन हुने परीक्षा उपनियम १ बमोजिमको समितिले संचालन गर्नेछ ।

**१०. विद्यालय व्यवस्थापन समिति**

(१) सामुदायिक तथा संस्थागत विद्यालयको संचालन.रेखदेख र व्यवस्थापन  गर्नका लागि समेत प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थपन समिति रहनेछ ।

(२) व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयका अभिभावकहरुले आफु मध्येबाट चुनेको एक

जना महिला र एक जना दलित सहित तीन जना -सदस्य

(ख) सम्बन्धीत वडाका वडा अध्यक्षले तोकेको वडा सदस्य -सदस्य

(ग) शिक्षकले आफु मध्येबाट छानी पठाएको एक जना -सदस्य

(घ) स्थानीय बुद्धिजीवी,शिक्षाप्रेमी ,संस्थापक वा चन्दादाता मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ङ) विद्यालयको सेवाक्षेत्र भित्र गठित टोल शिक्षा विकास वा आमा समुहका सदस्यहरुमध्ये उनीहरुले छानी पठाएको १ जना -सदस्य

(च) प्रधानाध्यापक
-सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले आफु मध्येबाट (शिक्षक र प्रधानाध्यापक बाहेक) चुनेको व्यक्ति अध्यक्ष रहनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिको बैठकमा सम्बन्धीत विद्यालयमा अध्ययनरत छात्र,छात्राहरु मध्ये बाल क्लवले मनोनयन गरेका एक छात्रा र एक छात्र गरी दुई जनालाई बैठकमा सदस्यको रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

(४) उपदफा २को खण्ड (घ) अनुसार चन्दादाता मध्येबाट सदस्यमा मनोनित हुन विद्यालयलाई कम्तिमा रु.१,००,०००|- (एक लाख रुपैया) बराबरको आर्थिक सहयोग गरेको व्यक्ति हुनुपर्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

(६) विद्यालय व्यवस्थापन समितिका सदस्यको राजिनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजिनामा सम्बन्धीत व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजिनामा व्यवस्थापन समितिको जेष्ठ सदस्यले स्वीकृत गर्नेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था**

(१) प्रत्येक सामुदायिक विद्यालयमा एक अध्यक्ष,एक सदस्य सचिव र तोकिए बमोजिम सदस्य रहेको एक शिक्षक अभिभावक संघ गठन हुनेछ ।

(२) शिक्षक अभिभावक संघको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. प्रधानाध्यापक सम्बन्धी व्यवस्था**

(१) प्रत्येक सामुदायिक विद्यालयमा तोकिए बमोजिम एक जना प्रधानाध्यापकको व्यवस्था गरीनेछ ।

(२) प्रधानाध्यापकको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था**

(१) प्रत्येक सामुदायिक विद्यालयमा तोकिए बमोजिम कर्मचारीको व्यवस्था हुनेछ|

(२) विद्यालय कर्मचारीको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) विद्यालय कर्मचारीको सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**१४.गाउँपालिकाले निर्देशन दिन सक्ने**

(१) गाउँपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ|

**१५. गाउँ शिक्षा कोष**

(१) गाउँपालिकामा एउटा गाउँ शिक्षा कोष स्थापना हुनेछ,जसमा देहायका रकमहरु रहनेछन;

(क) नेपाल सरकार / प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

(ग) शिक्षा करबाट उठेको रकम ,

(घ) चन्दाबाट उठेका रकम ,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**१६. विद्यालय कोष**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ,जसमा देहायका रकमहरु रहनेछनः

(क) नेपाल सरकार / प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

(ग) गाउँ शिक्षा कोषबाट प्राप्त रकम,

(घ) शुल्कबाट प्राप्त रकम,

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(च) अन्य स्रोत बाट प्राप्त रकम |

(२) उपदफा(१) बमोजिमको कोषको संचालन र लेखा परीक्षण तोकिए बमोजिम हुनेछ |

**१७. गाउँपालिकाले विद्यालय सार्न,गाभ्न,नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने**

गाउँपालिका वा तोकिएको अधिकारीले गाउँ शिक्षा समितिको निर्णय बमोजिम संचालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दाबढी विद्यालयलाई गाभी एउटा विद्यालयकायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय कक्षा थप वा घट गरी संचालन गर्न अनुमती वा स्वीकृती दिन सक्नेछ |

**१८. विद्यालयको सम्पति**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ |

(२) शैक्षिक गुठी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ |

(३) कम्पनि अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनिको नाममा रहनेछ |

**१९. विद्यालयलाई छुट र सुविधा**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालयर सार्वजनिक शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन |

**२०.विद्यालयको वर्गीकरण**

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरीनेछ |

**२१.विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नुपर्ने**

विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्न वातावरण सिर्जना गर्न तथा विद्यालय हाता भित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप र दलगत गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्र कायम गर्नुपर्नेछ|

**२२.शुल्क सम्बन्धी व्यवस्था**

(१) विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन|

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभाबकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान ,उपहार, चन्दा वा सहयोग लिन सकिनेछ|

(३) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार वा गाउँपालिकाको आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

**२३. शिक्षक महासंघ , शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्था**

(१) सामुदायिक विद्यालयमा  शिक्षक तथा कर्मचारीको पेसागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँ पालिकामा एक शिक्षक महासंघ रहनेछ ।

(२) शिक्षक महासंघको गठन तोकिए वमोजिम हुनेछ ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाईनेछ ।

(क) पदीय दायित्य पुरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा ,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप संचालन गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा|

**२४. स्थायी आवासीय अनुमती लिन नहुने**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमती लिन वा त्यस्तो अनुमती प्राप्त गर्नको लागि आबेदन दिन हुदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमती लिएको भए वा त्यस्तो अनुमती प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा अयोग्य नठहरिने गरी  सेवाबाट बर्खास्त गरीने छ ।

**२५.शैक्षिक योग्यता**

विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ

**२६. शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्ने**

गाउँ शिक्षा समितिले विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

## २७.बालबालिकालाई निष्कासन गर्न , शारिरिक र मानसिक दुर्व्यवहार गर्न नहुने

(१) कुनै पनि बालबालिकलाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारिरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

## २८. शिक्षकको सरुवा

(१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फारममा भरी गाउँपालिकामा निवेदन दिनु पर्ने छ ।

(२) शिक्षक को सरुवा एउटै पालिका भित्र विद्यालयबाट अर्को विद्यालयमा गाउँ शिक्षा समितिको स्वीकृती लिई गाउँ शिक्षा अधिकृत वा गाउँपालिकाले तोकेको अधिकृतले गर्नेछ ।

(३) अन्य पालिकाबट सरुवा आउन वा अन्य पालिकामा जानको लागी वा जिल्लान्तर सरुवाको लागि तोकिए बमोजिम हुनेछ।

## २९.तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने

नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालय अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन ।

## ३०.अध्यापन अनुमती - पत्र लिनुपर्ने

(१)शिक्षक सेवा आयोगबाट अध्यापन अनुमती पत्र नलिई कसैले पनि विद्यालयमा शिक्षण गर्न पाउने छैन ।

तर, नेपाल सरकारबाट स्वीकृत माध्यमिक तथा आधारभूत तहको गणित,विज्ञान,लेखा,कम्प्युटर र विज्ञान गणित विषयको स्वीकृत साधारण तथा राहत दरबन्दीमा सम्बन्धित विषयको अध्यापन अनुमती पत्र भएका उम्मेदवार प्राप्त नभएको हकमा विषयगत शैक्षिक योग्यता पुगेका व्यक्तिले अध्यापन अनुमती पत्र प्राप्त नगरेको भए पनि शिक्षक छनोट परिक्षामा उम्मेदवार हुन पाउनेछन् । यदि त्यस्ता उम्मेदवार सफल भई छनोट भएमा नियुक्ति लिएको ५ वर्ष भित्र सम्बन्धित विषयको स्थायी अध्यापन अनुमती लिईसक्नु पर्नेछ । अन्यथा शिक्षक पदबाट स्वतः अवकाश दिइनेछ ।

## ३१.अनुमती नलिई शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्न नहुने

(१) कसैले पनि गाउँपालिकाबाट अनुमती वास्वीकृती नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष , भाषा शिक्षण कक्षा वा पुर्व तयारी कक्षा र ट्युसन वा कोचिंग सेन्टर संचालन गर्न पाइने छैन ।

(२) उपदफा(१) बमोजिमको शैक्षिक कार्यक्रम संचालनको अनुमती लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३२.प्रारम्भिक बाल विकास शिक्षा**

(१) प्रारम्भिक बाल विकास शिक्षाको संचालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ|

(२) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**३३.अनौपचारिक शिक्षा**

(१) गाउँपालिकाले स्थानिय आवश्यकताको आधारमा अनौपचरिक शिक्षा , बिशेष शिक्षा, निरन्तर सिकाइ, दूर शिक्षा तथा समाबेशी शिक्षाको कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(२) दूर शिक्षा,बिशेष शिक्षा तथा समाबेशी शिक्षाको संचालन साधारण शिक्षा सरह हुनेछ ।

**३४.सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्ने**

गाउँपालिकाले समुदायमा साक्षरता, सिप विकास , आयआर्जन तथा सिपमूलक कार्यक्रम संचालनका लागि तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेछ ।

**३५.प्रगति विवरण बुझाउनु पर्ने**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकामा बुझाउनु पर्नेछ|

**३६.दण्ड र सजाय**

(१) कसैले विद्यालय सम्पति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्ति मुद्दा हेर्ने अधिकारीले बिगो अशुल गरी बिगो बमोजिमको जरिवाना गर्न सक्नेछ|

(२)कसैले देहायका कार्य गरेमा , गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पु-याएमात्यस्तो व्यक्तिलाईकसुरको मात्रा हेरी एक लाख रुपैया सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवै सजाय हुनेछ|

(क) प्रश्न-पत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उतरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेबारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षाकेन्द्रमा सम्बन्धीत पदाधिकारीको स्वीकृती वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कार्य गरेमा,

(छ) बिधार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा ,

(ज) अनुमती नलिई कुनै शैक्षिक कर्यक्रम, शैक्षिक परामर्श सेवा , ब्रिजकोर्ष , भाषाशिक्षण कक्षा तथा पुर्वतयारी कक्षा संचालन गरेमा |

**३७.अदालतको आदेशबाट पुनर्बहाली हुन सक्ने**

(१) विभागिय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ |

(२)उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलव, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ |

**३८. मुद्दा हेर्ने अधिकारी**

(१) दफा ३६ बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा नेपाल सरकार बादी हुनेछ |

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धीत सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ |

**३९. दरबन्दी सिर्जना गर्न सक्ने**

नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि गाउँपालिकाले आवश्यकता अनुसार निश्चित समयको लागि करार शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ |

**४०. आमा समूह वा टोल शिक्षा समिति गठन**

विद्यालयको सेवा क्षेत्र भित्रका प्रत्येक टोलमा विद्यार्थीका अभिभावक मध्ये १ जना अध्यक्ष र सदस्य सचिवमा तोकिएका शिक्षक तथा आवश्यकता अनुसार सदस्य रहने आमा समुह वा टोल शिक्षा समिति गठन गरी कार्य बिभाजन गर्ने सकिनेछ |

**४१.दरबन्दी मिलान समिति गठन**

गाउँपालिका भित्रका समुदायिक विद्यालयका दरबन्दी मिलान गर्न सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा तोकिएको सदस्यहरु रहने गरी एक दरबन्दी मिलान समिति गठन गर्न सकिनेछ |

**४२. कार्य सम्पादन करार सम्झौता**

प्रधानाध्यापकले  शिक्षा अधिकृत र शिक्षकले प्रधानाध्यापकसंग करार सम्झौता तोकिए बमोजिम गर्नुपर्नेछ |

### ४३. लेखापरीक्षण गर्नुपर्ने

(१) गाउँ भित्रका विद्यालयले नियमानुसार वार्षिक रुपमा सामाजिक परीक्षण सम्पन्न गर्नु पर्नेछ ।

(२) विद्यालयहरुले गाउँपलिकाबाट छनोट तथा सुचिकृत लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ । सोका लागि तोकिए बमोजिको लेखा परीक्षक छनौट गर्न गाउँपालिकाको सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा, लेखा अधिकृत वा आर्थिक प्रशासन प्रमुख र शिक्षा शाखाको अधिकृत सदस्यहरु रहने गरी एक समिति रहने छ ।

### ४४.नियम बनाउने अधिकार

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ।

### ४५.निर्देशिका तथा कार्यविधि बनाउन सक्ने

(१) एस ऐनको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक नियमावली, निर्देशिका र कार्यविधि बनाइ गाउँकार्यपालिकाबाट स्वीकृत गरी लागु गर्न सकिनेछ ।

(२) प्रत्येक विद्यालयले आफ्नो कामलाई व्यवस्थित गर्न विद्यालय सुधार योजना वा कार्यविधि निर्माण गरी स्वीकृत गराई लागु गर्नुपर्नेछ ।

### ४६.बाधा अड्काउ हटाउने अधिकार

यसऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिका त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ , त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**४७.बचाउ र लागु नहुने**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रस्टाचार निवारण ऐन,२०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरू नेपालको संविधान,संघीय तथा प्रदेश कानूनसँग बाझिएको हकमा बाझिएका दफाहरू स्वतः निस्क्रिय हुनेछन ।

आज्ञाले

प्रमाणीकरणः २०७८/ /

रामचन्द्र लामा

प्रमुख प्रशासकीय अधिकृत